# अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम कार्यान्वयन निर्देशिका – २०७१

## १. पृष्ठभुमी

नेपालमा व्यावसायिक पशुपालन क्रमशः फस्टाउँदै गरेको अवस्थामा दूध उत्पादन तथा उत्पादकत्वमा समेत क्रमिक वृद्धि हुदैं गएको छ । यसै गरी उपभोक्ताको आयस्तरमा वृद्धि तथा खाने बानीमा सकारात्मक परिवर्तन संगसंगै दूध तथा दुग्ध पदार्थ उपभोगको अवस्थामा पनि दिनानुदिन वृद्धि हुदै गएको पाइन्छ । नेपालमा हाल करीब १७८० सहकारी संस्थाहरु, नीजी तथा साझेदारी फार्म, व्यावसायिक गाईभैंसीपालक कृषकहरु र विभिन्न अन्य श्रोतहरु मार्फत दैनिक ठूलो परिमाणमा दूध संकलन गर्दा दुग्ध विकास संस्थान लगाायत विभिन्न नीजी डेरी उद्योग, साना तथा मझौला डेरी उद्यम तथा सहकारीहरु मार्फत दूध तथा दुग्ध पदार्थकोउत्पादन, सङ्कलन, प्रशोधन तथा विविधीकरण गरी मूल्य श्रृखलामा आधारित वितरण वितरण प्रणाली क्रमिक रुपमा स्थापित हुँदै गएको पाइन्छ । यस सन्दर्भमा औपचारीक माध्यमबाट सङ्कलन हुने उल्लेखनिय परिमाणको दूधको गुणस्तरका सम्बन्धमा समय समयमा नकारात्मक टिकाटिप्पणी हुने गरेको विदितै छ । दूधको गुणस्तर कायम गर्न हाल चलनमा रहेको हातले दुहुने कार्यबाट आशातित गुणस्तर कायम राख्ने कार्य असम्भवप्रायः राख्ने कार्य असम्भव भएको सन्दर्भमा थोरै समय लगाएर दूधालु पशुहरुलाई मिल्कीङ्ग मेसिनबाट दूध दुहुने कार्यको थालनी गर्न सके स्वच्छ तथा सफा दूध उत्पादनमा उल्लेखनीय सफलता प्राप्त हुने, समयको बचत हुने, पशुहरुको क्षमता अनुसारको पुरै दूध दुहिने तथा थोरै जनशक्तिबाट पनि धेरै पशुहरुको व्यवस्थापन गर्न सकिने जस्ता कारणहरुले गर्दा दूधको उत्पादन लागतमा समेत कमी ल्याउन सकिने सम्भावना हुन्छ । यसका साथै मिल्कीङ्ग मेसिन उपयोग गर्नाले फार्ममा असल व्यवस्थापन अभ्यास (Good Management Practice) संगसंगै जैविक सुरक्षा (Biosecurity) प्रविधिको अवलम्बन गर्ने वातावरणको निर्माणमा समेत सहयोग पुग्ने देखिन्छ । यस विषयलाई सम्बोधन गर्न प्रारम्भिक रुपमा स्वच्छ तथा सफा दूध उत्पादनका लागि व्यवसायिक दूध उत्पादक कृषकहरु र दूध सङ्कलन तथा वितरण प्रणाली नै मुख्य रुपमा जिम्मेवार रहेको पाइन्छ । यिनै कारणहरुबाट समग्र रुपमा दूध तथा दुग्धजन्य पदार्थहरुलाई दूधको उत्पादन तथा सङ्कलनदेखि लिएर उपभोक्ता समक्ष पुऱ्याउञ्जेलसम्म दूध तथा दूग्ध पदार्थको गुणस्तर व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण छ ।

यसका लागि दूध उत्पादनस्थलमै आवश्यक सरसफाई तथा हाल चलनमा रहेको हातले दूध दुहुने कार्यलाई निश्चित संख्यामा दूधालु गाईभैंसीपालन गर्ने कृषकहरुलाई यान्त्रीकरणको माध्यमबाट स्वच्छ तथा सफा दूध उत्पादन गर्न सरकारीस्तरबाटै प्रोत्साहित गर्न नितान्त जरुरी भएकोले आ.व. २०७१/७२ को बजेट वक्तब्यमार्फत २० भन्दा बढी दुहुना गाईभैंसीपालन गर्ने व्यवसायिक कृषकहरुलाई ५० प्रतिशत अनुदानमा मिल्कीङ्ग मेसिन उपलब्ध गराउने भनी उल्लेख भएको र सोही अनुसार कार्यक्रम स्वीकृत भै आएकोले मिल्कीङ्ग मेसिन खरीदमा कृषकलाई बढीमा ५० प्रतिशत अनुदान प्रदान गरेमा स्वच्छ तथा सफा दूध उत्पादन हुनको साथै व्यावसायिक कृषकहरुलाई प्रोत्साहित समेत गर्न अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम कार्यान्वयन निर्देशिका - २०७१ जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो निर्देशिकाको नाम "अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम कार्यान्वयन निर्देशिका - २०७१" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार कृषि विकास मन्त्रालयबाट स्विकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "निर्देशिका" भन्नाले "अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम कार्यान्वयन निर्देशिका - २०७१" सम्भन्नु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम सम्भन्नुपर्छ ।

(ग) "समिति" भन्नाले दफा ६ (ग) बमोजिम गठित मिल्कीङ्ग मेसिन वितरणका लागि बनेको केन्द्रीय समिति सम्भन्नु पर्छ ।

(घ) "अनुदान" भन्नाले २० वटा भन्दा बढी दूधाल पशुहरु भएको निजी कृषक, फार्म, समिति, सहकारी, कम्पनी आदिले तोकिएको मापदण्ड तथा शर्तहरु पुरा गरी खरिद गरेको मिल्कीङ्गमेसिनमा परल मूल्यमा नेपाल सरकारको विनियोजित बजेटको परिधिभित्र रही तोकिएको संख्याका लागि दिइने बढीमा ५० प्रतिशत नगद अनुदान रकमलाई सम्भन्नु पर्छ ।

३. **<u>उद्देश्यः</u>** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्

(क) व्यावसायिक गाईभैंसीपालक कृषक/फार्महरुमा यान्त्रीकरणको प्रयोगबाट स्वच्छ तथा सफा दूध उत्पादन गर्ने कार्यको थालनी गर्ने ।

(ख) व्यावसायिक गाईभैंसीपालक कृषक/फार्महरुमा न्यूनतम जनशक्तिको मात्र प्रयोग गरी दूधको उत्पादन लागत कम गर्न मद्दत पुऱ्याउने ।

(ग) व्यावसायिक पशुपालनमा "असल व्यवस्थापन अभ्यास" (Good Management Practice) लाई प्रोत्साहन दिँदै जैबिक सुरक्षा (Bio-security) को प्रबिधिलाई अबलम्बन गर्ने आवश्यक वातावरण सिर्जना गर्ने ।

(घ) पशुवस्तुको दूध उत्पादनको क्षमता अनुसार पशुबाट उत्पादन हुने पूर्ण दूध प्राप्त (Complete Milking) गर्ने ।

(ङ) दूध, दूध दुहुने प्रणाली, आवश्यक सरसफाई आदिका माध्यमबाट थुनेलो लगायतका पशुवस्तु तथा मानिसमा लाग्ने/सर्ने रोगहरुलाई न्यूनीकरण गर्न मद्दत गर्ने ।

४. **<u>रणनीतिः</u>** दफा ३ बमोजिमको उद्देश्य प्राप्तिको लागि देहायको रणनीति अपनाईने छः

(क) व्यावसायिक फार्महरुमा "गोठदेखि ओठसम्म स्वच्छ, तथा सफा दूध" भन्ने सन्देशलाई साकार पार्न खिया नलाग्ने, सहज र सरल मिल्कीङ्ग मेसिनको प्रयोग गर्ने व्यवस्थाको सुरुवात ।

(ख) तोकिएको गुणस्तर र मापदण्ड बमोजिमको मिल्कीङ्ग मेसिनउपलब्ध गराउन आपूर्तिकर्ताहरुसँग प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी नियमानुसार दरभाउपत्रको मूल्याङ्कन पश्चात आवश्यक सूचना जारी गरिनेछ ।

(ग) स्वच्छ तथा सफा दूध उत्पादन गर्न ठुला व्यावसायिक फार्महरुको जैबिक सुरक्षा व्यवस्थापन तथाअसल व्यवस्थापन अभ्यासको अनुगमन गरी आवश्यक पर्ने सुझाव , सल्लाह तथा प्रबिधिको बिस्तार गर्ने गर्ने कार्यको थाली हुने ।

(घ) हाल देशमा विद्यमान जनशक्ति तथा युवा कृषकहरुको पलायनको अवस्थाले पशुपालनको क्षेत्रमा आईपरेको जनशक्ति उपलब्धताको समस्यालाई हल गर्न यान्त्रीकरणमा अधारित व्यावसायिक पशुपालनलाई प्रवर्द्धन हुने वातावरणको सिर्जना ।

(ङ) व्यावसायिक पशुपालनलाई टेवा दिँदै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न एवँदूधको माध्यमबाट सर्न सक्ने थुनेलो रोग लगायतका Zoonotic diseaseनियन्त्रणको प्रभावकारीता बढाउने ।

(च) २० वटा भन्दा बढी उन्नत नश्लका दूधालु गाई पालन गर्ने व्यवसायिक कृषकलाई तोकिएको मापदण्ड अनुसार मिल्कीङ्ग मेसिन खरीद गरेमा लागत मुल्यको ५० प्रतिशत अनुदान प्रदान गरी पूर्ण दूध प्राप्ती गर्ने कार्यमा सहयोग पुऱ्याउने ।

## परिच्छेद २

## कार्यक्रम सम्बन्धी

५. **<u>कार्यक्रमको अवधिः</u>**

(क) कार्यक्रमआ.व. २०७१/०७२ देखि शुरु भई व्यावसायिक कृषकहरुको माग तथा बजेटको उपलब्धता अनुसार आगामी आ.व.हरुमा पनि कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ ।

(ख) यो निर्देशिका स्वीकृत भई अनुदानको लागि सुचना जारी गरी छनौट भइसकेको कृषकहरुले तोकिएको समयावधिभित्र खरीद गरेका मिल्कीङ्ग मेसिनमा मात्र अनुदान प्रदान गरिने छ ।

## ६. मिल्कीङ्ग मेसिनको खरीदमा अनुदान प्रदान गर्ने सम्बन्धमा

(क) पशु उत्पादन निर्देशनालयको स्वीकृत बार्षिक कार्यक्रम अनुसार अनुदानमा प्रदान गरिने मिल्कीङ्ग मेसिनको सम्बन्धमा गुणस्तर र प्राविधिक मापदण्ड तयार गर्नको लागि दफा ६ ग (३) मा उल्लेख भएबमोजिमको एक प्राविधिक समिति गठन गरिनेछ । उक्त प्राविधिक समितिले तयार गरेको गुणस्तर सम्बन्धि प्राविधिक मापदण्ड नियमानुसार स्वीकृत भएपश्चात तोकिएको मापदण्ड बमोजिम कृषकहरु, सहकारी, कम्पनी, समिति आदिले मिल्कीङ्ग मेसिन खरीदमा अनुदान प्राप्त गर्न छनौटको लागि राष्ट्रिय दैनिक पत्रिका तथा निर्देशनालयको बेवसाईटमा प्रचलित नियमाअनुसार सुचना प्रकाशन गरिने छ ।

(ख) कम्तीमा २० वटा उन्नत नश्लका गाईभैंसीहरु सहित दुग्ध व्यवसाय गर्ने व्यावसायिक गाईभैंसीपालन गर्ने निजी कृषक, फार्म, सहकारी एवँ कम्पनी, आदीले तोकिएको मापदण्डभित्र रही ब्रोसर सहित अनुमानित लागत इस्टीमेट सहितको अनुसूची २ बमोजिमको निवेदन र अनुसुची ३ अनुसारको कार्ययोजना सहित प्रस्ताव सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा पेश गर्नुपर्ने छ ।

(ग) जिल्ला पशु सेवा कार्यालयमा पेश हुन आएका "मिल्कीङ्ग मेसिनको खरीद" प्रस्तावकहरुको स्थलगत निरीक्षण र प्रमाणिकरण सहित जिल्ला पशु विकास कार्य दल (District Livestock Action Team, DLAT) बाट मूल्याङ्कन गरी प्राथमिकता क्रम अनुसार सिफारिश गरी सो को विवरण स्वीकृतीको लागि पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्ने छ ।

सिफारिस भएका सम्पुर्ण प्रस्तावहरुमध्ये अनुदान प्रदान गर्न स्वीकृतको लागि नियमानुसारको एक केन्द्रिय स्तरको समिति रहने छ :-

| | | |
|---|---|---|
| अ) | कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय | संयोजक |
| आ) | कार्यालय प्रमुख, केन्द्रिय गाई भैंसी प्रवर्द्धन कार्यालय | सदस्य |
| इ) | अध्यक्ष वा प्रतिनिधी, केन्द्रिय दुग्ध सहकारी संघ | सदस्य |
| ई) | अधिकृत प्रतिनिधी, पशु सेवा बिभाग | सदस्य |
| उ) | सम्बन्धित कार्यक्रमको फोकल अधिकृत (वरिष्ठ पशु विकास अधिकृत), पशु उत्पादन निर्देशनालय | सदस्य सचिव |

(१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठकमा बढीमा २ जनासम्म सम्बन्धित विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिले एकजना विषय विशेषज्ञको संयोजकत्वमा ५ जनासम्म सदस्य रहने गरी प्राविधिक समिति गठन गर्न सक्नेछ । यसरी गठन गरिएको प्राविधिक समितिले अनुदानमा वितरण गरिने मिल्कीङ्ग मेसिनको मापदण्ड तयार गरी समितिसमक्ष पेश गर्नेछ ।

(घ) जिल्लास्तरीय पशु विकास कार्य दल (District Livestock Action Team)ले गरेको सिफारिसहरुमा आवश्यकता अनुसार केन्द्रिय समितिले पुनःअनुगमन, अनुदानको विषयमा समिक्षा र पृष्ठपोषण सहित पुनरावलोकन गर्न सक्नेछ ।

(ङ) मिल्कीङ्ग मेसिन खरीद कार्यक्रम स्वीकृत भई सुचना जारी गरेको ६० दिन भित्र मिल्कीङ्ग मेसिन खरीदमा सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले ५० प्रतिशत अनुदानको लागि सिफारिस पत्र सहित सम्पुर्ण कागजात पशु उत्पादन निर्देशनालयमा पठाउनुपर्ने छ ।

(च) निजी स्तरका कृषक, सहकारी, पशुपालन फार्म, कम्पनी आदिले पशु उत्पादन निर्देशनालयबाट नियमानुसारको प्रतिस्पर्धी दरभाउ पत्र मार्फत अनुमोदन गरिएमा आपूर्तिकर्ता मार्फत खरिद गरी पेश गरेको विल भर्पाई र अन्य कागजात लगायत जिल्ला पशु सेवा कार्यालयमार्फत प्राप्त सिफारिस पत्र आदिमा उपदफा (ग) अनुसारको केन्द्रिय समितिले निर्णय गर्ने छ । यसरी स्वीकृत भै अनुदानका लागि छनौट भएका व्यक्ति, फार्म, संस्था, कम्पनी आदिले अनुसूची ५ अनुसारको सम्झौता पत्रमा उल्लेख भएको वाणिज्य बैंकको खातामा स्वीकृत रकम पशु उत्पादन निर्देशनालयले सिधै बैंक खातामा रकम जम्मा गरिदिने छ । यसरी जम्मा भएको रकमको बारेमा जिल्ला पशु सेवा कार्यालयमार्फत सो को जानकारी सम्बन्धित व्यक्ति, फार्म, संस्था, कम्पनी आदिलाई गराइनेछ ।

## परिच्छेद ३

### ७. <u>अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम अन्तर्गत नीजी स्तरका कृषक, सहकारी, पशुपालन फार्म, कम्पनी, आदिलाई उपलब्ध गराउने आधारहरुः</u>

क) अनुदानमा मिल्कीङ्ग मेसिन प्रदान गर्नका लागि छनौट गर्दा तोकिएको मापदण्ड पुरा गरेका ईच्छुक नीजी, सहकारी, कम्पनी, समुह, समिति, पशुपालन फार्म आदिलाई समान रुपमा अवसर प्रदान गरिने छ ।

ख) सम्बन्धित गाई/भैंसी फार्ममा कम्तीमा २० वटा दूधालु पशुहरु भएको हुनुपर्छ । दूधालु गाईभैंसीहरुको संख्या यकिन गर्दा दुहुना एवँ ब्याउने पशुहरुको समेत गणना गर्न सकिनेछ ।

ग) (१) सम्बन्धित पशुपालक व्यवसायिक कृषकहरुले असल तथा कुशल व्यवस्थापन, जैविक सुरक्षा व्यवस्था तथा सम्बन्धित सरकारी नियायमा फार्म दर्ता गरी कुशलतापुर्वक व्यवसाय सञ्चालन गरेको हुनु पर्नेछ ।

(२) अनुदानमा मिल्कीङ्ग मेसिन प्राप्त गर्ने कृषकहरुले खरिद गरेको मेसिन कार्यक्रमको उद्देश्यानुसार प्रयोग गर्न प्रत्याभूति दिलाउन सक्नुपर्नेछ ।

घ) अनुदानमा मिल्कीङ्ग मेसिन प्राप्त गर्न पर्याप्त पुँजी तथा पूर्वाधारको व्यवस्था भएको हुनुपर्नेछ ।

ङ) मिल्कीङ्ग मेसिन खरीद वापत प्रदान गरिने अनुदानका रकम प्राप्त गर्न फार्ममा पालिएको जनावरहरुको बोडी कन्डीशन स्कोर (Body Condition Score, BCS) ३ वा सो भन्दा बढी भएको हुनुपर्नेछ ।

च) फार्मका दुहुना गाई/भैंसीहरुमा नियमित तथा अनिवार्य रुपमा टिट डिपिङ्ग गरेको हुनुपर्नेछ ।

## परिच्छेद ४

## विविध

८. **अनुगमन, निरीक्षण तथा मुल्याकंनः** कृषि विकास मन्त्रालय, पशु सेवा विभाग, पशु उत्पादन निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालयहरु र सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुबाट नियमित तथा आवश्यकता अनुसार अनुगमन गरिने छ ।

९. **कार्यवाहीको व्यवस्था :** अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम अन्तर्गत मिल्कीङ्ग मेसिन प्राप्त गर्ने कृषक, फार्म, सहकारी, संघ, संस्था, कम्पनी आदिले कार्ययोजना र सम्झौता बमोजिम कार्यक्रम सञ्चालन नगरी दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन, नियम र कानुन बमोजिम कार्यवाही गरी प्रदान गरिएको अनुदान रकम सरकारी रकम बाँकी सरह असुल उपर गरिनेछ ।

१०. **प्रचलित कानुन लागु हुने :** अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम कार्यान्वयनका सम्बन्धमा यस निर्देशिकामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम कार्यवाही हुनेछ ।

११. **कार्यविधि संशोधन तथा परिमार्जन :** पशु उत्पादन निर्देशनालयमार्फत पशु सेवा विभागको सिफारिसमा आवश्यकता अनुसार यस निर्देशिकामा कृषि विकास मन्त्रालयले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

## अनुसूची -१

## अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम प्रस्ताव आह्वानको सूचना

पशु उत्पादन निर्देशालयको आ.व. ........................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम सञ्चालन गर्नको लागि योग्यता पुगेका सम्बन्धित निकायमा दर्ता भएका व्यावसायिक गाईभैंसीपालक कृषक, फार्म, कम्पनी, समूह/समिति/सहकारी, संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिलि ३० (तिस) दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव तयार गरी सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

आवेदन साथ तपसिल अनुसारको कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

१. अनुसूची २ अनुसारको आवेदन फारम
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना सहितको संक्षिप्त परियोजना प्रस्ताव
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. सम्बन्धित सरकारी निकायमा फार्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता
६. संघ/संस्था वा फार्मसँग सम्बन्धित अन्य प्रमाणपत्रका प्रतिलिपिहरु (तालिम, शैक्षिक योग्यता आदि)
७. संघ/संस्था/सहकारी/कम्पनीका हकमा निवेदकको आधिकारीताको सक्कलै पत्र
८. कम्तिमा २० वटा दुधालु गाई/भैंसी पालिरहेको सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको सिफारिस पत्र
९. खरिद गर्न चाहेको मिल्कीङ्ग मेशिनको गुणस्तर तथा परिमाण सम्बन्धि ब्रोसर वा डकुमेन्ट।

## अनुसूची -२

## निवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू,
जिल्ला पशु सेवा कार्यालय
....................................... ।

**विषय : अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम अन्तर्गत मिल्कीङ्ग मेसिन प्राप्त गर्ने बारे ।**

पशु उत्पादन निर्देशालयको मिति ......................... को राष्ट्रिय दैनिक ..................मा प्रकाशित सूचना अनुसार जिल्ला .................. गा.वि.स/न.पा......................... वार्ड नं. ............. टोल ....................... मा सञ्चालित ..........................गाईभैंसीपालक कृषक/फार्म/कम्पनी/ समूह/समिति/सहकारी, संस्थालाई मिल्कीङ्ग मेशिनको आवश्यकता परेको हुँदा प्रकाशित सूचनामा उल्लेख भए अनुसारको विवरणसँग सम्बन्धित कागजातहरु संलग्न गरी अनुदानमा मिल्कीङ्ग मेसिन प्राप्त गर्न यो निवेदन पेश गरेको छु ।

**निवेदक**
निवेदकको नाम:
फार्म/संस्थाको नाम:
ठेगाना:
हस्ताक्षर :
मिति:

फार्म/संस्थाको छाप:

# अनुसूची -३

## संक्षिप्त कार्ययोजनाको ढाँचा

| | |
|---|---|
| १ | प्रस्तावक कृषक/फार्म/सहकारी वा संस्थाको नाम : |
| २ | प्रस्ताव कार्यान्वयन हुने स्थलको ठेगाना : |
| ३ | दर्ता नम्बर : |
| ४ | दर्ता भएको निकाय : |
| ५ | भ्याट/पान दर्ता नम्बर : |
| ६ | फार्म स्थापना मिति : |
| ७ | हाल पालिरहेका दुहुना गाईभैंसीहरुको संख्याः ........... गाई ............ भैंसी ............जम्मा |
| ८ | दैनिक दूध संकलन : ........................ लिटर |
| ९ | मिल्कीङ्ग मेसिन आवश्यक पर्ने कारण |
| १० | प्रस्तावित कार्यक्रमबाट अपेक्षित उपलब्धीहरु : |
| | क) |
| | ख) |
| | ग) |
| | घ) |
| | ङ) |
| ११ | प्रस्तवित योजना कार्यान्वयन गर्ने स्थानमा विद्यमान भौतिक सुविधाहरु |
| | सडक छ/छैन : |
| | कच्चि/पक्की : |
| | बिजुली छ/छैन : |
| | पानीको व्यवस्था : |
| | अन्य पूर्वाधारहरु : |
| १२ | मिल्कीङ्ग मेसिन प्रयोग गरिने पशुहरुको संख्या : .......... गाई ........... भैंसी ............जम्मा |
| १३ | अनुदानमा मिल्कीङ्ग मेसिन माग गरेको संख्या : .................. गोटा |
| १४ | कुल अनुमानित लागत : रु. .................. प्रति मेसिन |

माथि उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु । कहिं कतै झुठो ठहरिएमा कानुन बमोजिम सजायको भागिदार बन्न तयार समेत रहेको व्यहोरा अवगत गराउन चाहान्छु /छौं ।

प्रस्तावकको नाम :
ठेगाना :
संस्था/फार्मको नाम :
संस्थामा पद :
सम्पर्क फोन नं. :
हस्ताक्षर :
मिति :
संस्था/फार्मको छाप :

## अनुसूची -४

## छनौटको लागि मूल्याङ्कनका आधारहरु

| मूल्याङ्कनका आधारहरु/अंक | २० | १५ | १० | ५ | कैफियत |
|---|---|---|---|---|---|
| दुहना गाईभैंसीको संख्या | ५० देखि माथी | ४१-५० | ३१-४० | २० - ३० | |
| दूधको उत्पादन (लि.) परिमाण | ३५१ भन्दा बढी | २८१-३५० | २११-२८० | १५०-२१० सम्म | |
| असल व्यवस्थापन अभ्यास | ++++ | +++ | ++ | + | |
| जैविक सुरक्षाको व्यवस्थापन | ++++ | +++ | ++ | + | |
| टिट डिपिङ्ग | ++++ | +++ | ++ | + | |

# अनुसुचि -५

## सम्झौता पत्रको ढाँचा

पशु उत्पादन निर्देशालयको आ.व. ......................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रमको लागि मिति ........................ को राष्ट्रिय दैनिक .................मा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये जिल्लास्तरीय पशु विकास कार्यदल (DLAT) बाट सिफारिश भै पशु सेवा कार्यालयमार्फत प्राथमिकताक्रम अनुसार प्राप्त प्रस्तावहरुकमा मिति ............. मा बसेको केन्द्रीय समितिको बैठकबाट जिल्ला ................ गा.वि.स. ⁄ न.पा. ....................... वार्ड नं. ......... निवासी श्री .................................... को प्रस्ताव छनौट भएको हुँदा पशु उत्पादन निर्देशालय वा निर्देशनालयको तर्फबाट जिल्ला पशु सेवा कार्यालय, ..................... (यस पछि प्रथम पक्ष भनिने) र श्री .....................................(यस पछि दोश्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रम अन्तर्गत रु. ........................(अक्षेरुपी ...................................मात्र) लागत कायम भएको ............ संख्याको मिल्कीङ्ग मेसिन खरिद भएको मूल्यको ५०% ले हुन आउने रकम अनुदान स्वरुप उपलब्ध गराउनका लागि द्विपक्षिय सम्झौता गरी बुझिलियौं ⁄ दियौं ।

**तपशिल**

१. प्रथम पक्षबाट प्राप्त भएको अनुदानमा मिल्कीङ्ग मेसिन वितरण कार्यक्रमको मिल्कीङ्ग मेसिन जिल्ला .................. गा.वि.स. ...................... वडा नं. ............टोलका ................. संघ ⁄ संस्था ⁄ कम्पनी ⁄ फार्ममा उपयोगमा ल्याइनेछ ।

२. अनुदानमा खरिद गरिएको मिल्कीङ्ग मेशिनको मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी एवँ दायित्व दोश्रो पक्षको हुनेछ ।

३. प्रथम पक्षले उपलब्ध गराएका मेशिन प्रथम पक्षको सहमति बेगर अन्य कुनैपनि कृषक ⁄ संस्थामा स्थानान्तरण, बेचबिखन वा हस्तान्तरण गर्न पाईने छैन । तथापि काबु बाहिरका अवस्थामा स्थानान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्विकृती अनिवार्य रुपमा लिनु पर्नेछ ।

४. दोश्रो पक्षले कारणवस फार्म बन्द गर्नु परेमा वा न्यूनतम ५ वर्ष नपुग्दै मेसिन प्रयोग गर्न छाडेमा प्रथम पक्षले उपलब्ध गराएको अनुदान रकम प्रथम पक्षलाई अनिवार्य रुपमा फिर्ता गर्नु पर्नेछ । कुनै प्राविधिक कारणबाट मेसिनमा आएको गडबढी सम्बन्धीत विशेषज्ञबाट यथोचित ठहर्‍याई जिल्ला पशु सेवा कार्यालयबाट सिफारिस भै आएमा केन्द्रीय समितिको निर्णयानुसार लागु हुनेछ ।

५. दोश्रो पक्षले अनिवार्य रुपमा होर्डिङ्ग बोर्ड तथा मेसिनमा सहयोगको किसिम उल्लेख गरेर प्रथम पक्षको नाम राख्नु पर्नेछ ।

६. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) प्रगति विवरण लगायत अन्य तथ्यांकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

७. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसकै समयमा एकतर्फि रुपमा संझौता भंग गरी दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बांकी सरह असुल उपर गर्न सक्नेछ ।

८. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण/अनुगमन, तालिम भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

९. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा दुवै पक्षको आपसी सहमति अनुसार र प्रचलित नियम कानुन अनुसार हुनेछ ।

१०. सम्झौताका बुंदाहरु आवश्यकता अनुसार दुवै पक्षको सहमतीमा थपघट वा परिमार्जन गर्न सकिनेछ ।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| संस्था | कार्यालयः |
| संस्थाको छाप | कार्यालयको छापः |
| **साक्षिः** | **साक्षिः** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्था | कार्यालयः |
| संस्थाको छाप | कार्यालयको छापः |

इति सम्वत् ...................साल .................... महिना ..........गते रोज .......... शुभम ।